प्रस्ताव नं १- आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।

निर्णय नं १- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस भजनी नगरकार्यपालिकाको नगरसभाको २० औं अधिवेशनको पहिलो बैठकमा भजनी नगरकार्यपालिकाबाट स्वीकृत भई पेश हुन आएको यस भजनी नगरपालिकाको आगामी आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सर्वसम्मत रुपमा पारित भयो ।

नगर सभा अध्यक्ष

"समृद्ध नगर निर्माणको लागि नगरबासीको सहभागिता ।
आर्थिक तथा पूर्वाधार बिकास र सुशासन हाम्रो प्रतिबद्धता ॥"

भजनी नगरपालिका
नगर सभाको सचिवालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**भजनी नगरपालिकाको**

**२० औ नगरसभा**

**नगर प्रमुख श्री केवल चौधरीज्यूले प्रस्तुत गर्नुभएको**

# आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम

**भजनी नगरपालिका**

**भजनी, कैलाली**

**सुदुरपश्चिम प्रदेश, नेपाल ।**

भजनी नगरपालिकाको बिसौ नगरसभा अधिवेशनका आदरणीय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, नगर उप-प्रमुखज्यू, प्रमूख प्रशासकीय अधिकृतज्यू, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि ज्यहरु, सुरक्षा निकायका प्रमुखज्यू, नागरीक समाजका प्रतिनिधिज्यूहरु, बुद्धिजिवी तथा उपस्थित सम्पूर्ण राष्ट्रसेवक कर्मचारी एवं संचारकर्मीज्यूहरु,

वर्तमान अवस्थामा भजनी नगरपालिकाको २० औ नगरसभाको गरीमामय अधिवेशनमा आर्थिक बर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु । मुलुकमा भएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष लगायतका राजनीतिक आन्दोलनमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका खातिर आफ्नो अमुल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मान सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै, राजनीतिक आन्दोलनका क्रममा हालसम्म बेपत्ता, घाइते र अपाङ्ग योद्धाहरु प्रति उच्च सम्मान र सहानुभूति प्रकट गर्दछु ।

नेपालको संबिधानले निर्दिष्ट गरे बमोजिम संघीय सरकार र प्रदेश सरकारसँगको समन्वय, सहअस्तित्व र सहकार्यको सिद्धान्त बमोजिम कार्य गर्दै यस नगरपालिकालाई सक्षम, सबल र आत्मनिर्भर बनाउने, कृषि पर्यटन र उद्योग लगायत समस्त क्षेत्रको विकास मार्फत आर्थिक, सामाजिक विकास गर्दै समतामुलक समाजको निर्माणमा दृढ संकल्पित छौ ।

**नगरसभा सदस्यज्यूहरु,**

अब म भजनी नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम यस गरीमामय २० औ नगर सभा अधिवेशनमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## (क) पूर्वाधार विकास सम्बन्धी नीति:

१. नगरस्तरीय सडक, खानेपानी, सिचाई, ढलनिकास, झोलुङ्गे पूल, विधुत र भु-उपयोग योजना सहितको दिगो भौतिक पुर्वाधार बिकासको बहुवर्षीय गुरु योजना निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखी आवश्यक बजेट विनियोजन गरीनेछ ।

२. **"एक वडा, एक पक्कि सडक"** निर्माणको नीतिलाई कार्यान्वयन गर्न प्रत्येक वडामा कम्तिमा वार्षिक पाँच सय मिटर सडकलाई अनिवार्य रुपमा कालोपत्रे गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

३. सार्वजनिक बाटोघाटो, चउर, नहर, कुलो, झरनहरु मिचिएको भए कानून अनुसार उक्त ठाउँहरु छुट्याईनेछ ।

४. नगरभित्रका विस्तृत परियोजना प्रतिवेदन निर्माण भएका आयोजनाहरुलाई कार्यान्वयनका लागि प्राथमिकतामा राखिनेछ । स-साना टुक्रे बिकास आयोजनाका सट्टा ठुला आयोजना निर्माणलाई प्राथमिकता दिइनेछ ।

५. नगरपालिकाबाट विगतमा निर्माण सूरु भई अधुरो अपुरो रहेका योजनाहरुलाई प्राथमिकता दिई बजेट विनियोजन गरीनेछ । उपभोक्ता समिति मार्फत गरीने कार्यहरुको थप व्यवस्थित र गुणस्तर अभिवृद्धि गर्न क्षमता विकास सम्बन्धी तालिम प्रदान गरीनेछ ।

**(ख) आर्थिक विकास सम्बन्धी नीतिः-**

६. नगर भित्रका सम्पुर्ण कृषकहरुको आयआर्जन तथा प्रत्यक्ष सरोकार राख्ने पशुपालन ब्यबसायको व्यवसायीकता, आधुनिकीकरण र बजारीकरणलाई बिशेष प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गरीनेछ । भजनी नगरपालिकालाई उन्नत बिउबिजन र आधुनिक कृषि प्रविधिको उच्चतम प्रयोगबाट कृषि प्रणाली तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गरी उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्ने नीति लिइनेछ ।

७. किसान सुचिकरण कार्यक्रम अन्तर्गत सुचिकृत भएका र सूचिकृत हुन बाँकी कृषकलाई पहिचान गरी सुचिकृत गराइ वर्गिकरण सहितको किसान परिचयपत्र उपलब्ध गराईने तथा सोको आधारमा कार्यालयबाट उपलब्ध हुने सेवासुविधामा आवद्ध गराइनेछ । कृषकहरुले उत्पादन गरेको कृषि बस्तुहरुको कृषकहरुकै सहभागितामा बजारीकरण ब्यवस्थापन गर्ने नीति ल्याईनेछ ।

८. कृषक पाठशाला कार्यक्रम संचालन गरी जैविक तथा प्राङगारिक खेती प्रणालीलाई प्रोत्साहन गरीनेछ । प्राङ्गारिक खेती प्रणालीलाई बढावा दिनको लागि गड्यौला मल उत्पादनमा जोड दिईनेछ । साथै बिग्रिएको माटोको अवस्था सुधारका लागि माटो सुधार कार्यक्रम संचालन गरीनेछ । यस कार्यक्रममा न्यून आयश्रोत भएको विपन्न, सिमान्तकृत कृषक, दलित, एकल महिला, अपागंता भएका व्यक्तिहरुलाई सहभागी गराउने नीति लिईनेछ ।

९. किसानहरुलाई आत्मनिर्भर बनाउन बेमौसमी तरकारी खेती, खाद्यान्न बाली र फलफुल खेतीलाई प्रोत्साहन दिईनेछ । कृषिमा देखा परेका रोग किरा नियन्त्रणका कार्यक्रम निरन्तर सञ्चालन गर्ने नीति लिईनेछ । ब्यवसायिक तरकारी खेती कार्यक्रम तथा कृषि हाटबजार विस्तारलाई प्राथमिकता दिइनेछ ।

१०. पशुपंक्षी ब्यबसायको उत्पादन र उत्पादकत्व बृद्धि गर्न र आयआर्जनलाई टेवा मिल्ने कृत्रिम गर्भाधान सेवालाई अझै भरपर्दो बनाउन आधुनिक औजारहरु प्रयोग गरी कृत्रिम गर्भाधान सेवालाई निशुल्क उपलब्ध गराउने नीति लिईनेछ ।

११. कृषकहरुको पेशा ब्यबसायलाई आयआर्जनको साथै दिगो, मर्यादित बनाउन देखेर सिकाई हुने सिद्धान्त अनुरुपको कार्यक्रम सञ्चालन गरीनेछ । नगर भित्र रहेका सम्पुर्ण पशुपंक्षीपालन गर्ने कृषकहरुको उत्पादन बृद्धि र लागत कम गर्नको साथै जोखिम न्युनिकरण गर्न पशु विमामा अनुदान प्रदानको नीति लिईनेछ । भजनी नगरपालिका भित्रका सम्पुर्ण कृषकहरुको लागि अति

आबश्यक पर्ने बिभिन्न औषधीहरु निशुल्क रुपमा उपलब्ध गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१२. नगरपालिकामा रहेका बिभिन्न प्राकृतिक ताल, कृत्रिम तालहरुमा बाहै महिना माछा उत्पादनलाई टेवा दिन आधुनिक माछापालनको नीति लिइनेछ ।

१३. सहकारीहरुलाई उत्पादनशील बनाउदै गरीबी निवारण गर्ने उद्देश्यले सबै प्रकारका सहकारीहरुलाई उत्पादन तथा स्वरोजगारका कार्यक्रम संचालन गर्न प्रोत्साहन गरीनेछ । नयाँ गठन भएका र निष्क्रिय सहकारीको संस्थागत क्षमता अभिवृद्धिका लागि सहकारी संस्थालाई आवश्यक तालिम दिईनेछ । साथै, सहकारी संस्थाको कारोबारलाई डिजिटल प्रविधिमा रुपान्तरण गर्न निःशुल्क तालिम उपलब्ध गराइने छ ।

१४. यस नगरभित्रका विषयं र उद्देश्य मिल्ने सहकारी संस्थाहरुलाई एकीकरण गर्नतर्फ पहल गरीनेछ । साथै सहकारी क्षेत्रका विकासका लागि सहकारी संघ संस्थाको नियमित अनुगमन, सघन अनुगमन र नियमन गर्दै संस्थाका पदाधिकारी तथा कर्मचारीहरुलाई सहकारी क्षमता विकास समबन्धी तालिमहरु दिईनेछ ।सबै सहकारी संस्थाहरुलाई सहकारी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) मा आवद्ध गरीनेछ ।

१५. नगर क्षेत्रभित्रका ऐतिहासिक धार्मिक, सांस्कृतिक सम्पदा तथा पर्यटकीय स्थलको रुपमा रहेका धार्मिक स्थल, चौतारी, वरपीपल, खेलमैदान, डल्फिन क्षेत्र, तालतलैया आदिको संरक्षण तथा निर्माण, सम्वर्धन र समुचित उपभोग गर्दै यस्ता ऐतिहासिक सांस्कृतिक महत्वका स्थानहरुलाई नगर सम्पदाको रुपमा विकास गरी आन्तरिक एवं वाह्य पर्यटक भित्र्याउन पहल गरीनेछ ।

१६. यस नगरपालिकामा बसोबास गरीरहेका राजी, कुमाल, दलित र मुस्लिम समुदायको कला, संस्कृति, भाषाको प्रर्वद्धन र संरक्षणका हेतु संग्राहलयको स्थापनाका साथै यस क्षेत्रमा सबैभन्दा बढी बाहुल्यता रहेको थारु जातीको पहिचान, कला, संस्कृतीको संरक्षण गर्न थारु संग्राहलय, होमस्टे तथा नमुना बस्ती स्थापनाको लागि आवश्यक पहल गरीनेछ ।

१७. विभिन्न जातजातिको चाँडपर्वलाई मध्यनजर गर्दै स्थानीय विदा दिने व्यवस्था गरीनेछ । साथै चालचलन र रीतिरिवाज अनुसार संस्कार संस्कृतिलाई प्रवद्धन गरीनेछ ।

१८. नगरपालिकामा स्थायी रुपमा बसोबास गरिरहेको अति विपन्न नागरिकहरुको परिवारका लागि काजक्रिया खर्चवापत रकम रु १०,०००।– (दश हजार मात्र) उपलब्ध गराइनेछ । कार्यालयले कार्यविधि तर्जुमा मार्फत उपर्युक्त मापदण्ड र विधि तर्जुमा गरेर यो प्रावधान कार्यान्वयन गरीनेछ ।

सभा अध्यक्ष

१९. सामाजिक तथा आर्थिक रुपमा उत्पीडनमा पारिएका समुदाय जस्तै दलित, महिला, जनजाति, आर्थिक रुपमा विपन्न, किसान, मजदुर र बेरोजगार ब्यक्तिहरुलाई स्थानीय स्तरमा उपलब्ध श्रोत साधन र सीपमा आधारित उद्यमको माध्यमवाट रोजगारी सृजना गरीनेछ।

२०. भजनी नगरपालिका भित्र बसोबास गर्ने भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई राष्ट्रिय भूमि आयोगसंग समन्वय गरी जग्गा धनी प्रमाण पुर्जा वितरण गर्ने व्यवस्था मिलाइनेछ।

२१. **राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम** अन्तरगत रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धि एकिकृत सेवा प्रवाह गर्न श्रम बजारको माग अनुसार बेरोजगार व्यक्तिहरुलाई उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा रोजगारी प्रत्याभूतिको लागि **सीप विकास तथा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम**हरु सञ्चालन गरिनेछ।

२२. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि पुन: एकीकरणका कार्यक्रम संचालन गरिनेछ। वैदेशिक रोजगार सम्बन्धि क्रियाकलाप संचालनका लागि सुरक्षित आप्रवासन (SaMi) कार्यक्रमलाई लागत साझेदारीमा संचालनको लागि प्रबन्ध मिलाइनेछ।

## (ग) सामाजिक विकास सम्बन्धी नीति

२३. हाल संचालनमा रहेको प्राथमिक स्वास्थ्य केन्द्र लाइ स्तरवृद्धि गरी १५ शैयाको नगर अस्पताल सञ्चालन कार्य निरन्तरता दिईनेछ। सबै आधारभूत स्वास्थ्य सेवा केन्द्र र शहरी स्वास्थ्य केन्द्रहरुमा प्रयोगशालाको व्यवस्था गरी रगत, दिशा पिसाब, खकारको जाच गरी स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाई शुरुवाती चरणमा नै रोग पत्ता लगाई उपचार गर्ने व्यवस्था मिलाइनेछ।

२४. स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिदै गत वर्ष यस नगरपालिकाबाट स्वास्थ्य बिमा गरीएका बिमितहरुको निशुल्क बिमा नबिकरणका साथै अतीविपन्न तथा गरीव परिवारको बिमा गर्ने व्यवस्था मिलाइनेछ।

२५. गुणस्तरीय गर्भवती, सुत्केरी सेवामा सवैको सहज र सरल पहुच हुनेगरी बर्थिङ्ग सेन्टर नभएका बाँकी ३ वटा स्वास्थ्य सँस्थामा क्रमश: बर्थिंग सेन्टर स्थापना गरी प्रभावकारी सेवा उपलब्ध गराइनेछ। ६० वर्ष पुरा भएका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई रु एक लाख नगद सहित स-सम्मान विदाइ गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

गरिनेछ । परिवार नियोजन, एच.आई.भी. एड्स, गर्भपतन जस्ता क्रियाकलाप मेरीस्टप अन्तरियासंग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।

२७. सिकलसेन एनिमिया रोग निवारण गर्नको लागि हरेक वडाहरुमा सिकलसेल स्क्रिनिङ्ग शिविरहरु सञ्चालन गरिनेछ । नसर्ने रोगलाई न्यूनिकरण गर्नको लागि विभिन्न किसिमको जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२८. विभिन्न वातरोग, अर्थराइटिस, कम्पवात, साइटिका, पक्षघात लगायत नसर्ने रोग एवं मानसिक विकार जस्ता रोगहरु न्यूनीकरण तथा निर्मूल गर्नका लागि पुर्वकर्म तथा पंचकर्म अन्तर्गत स्नेहन (तेलले मालिस गर्ने), स्वेदन (औषधियुक्त वाफले सेक्ने), कटी वस्ती, जानु वस्ती, शिरोधारा, नस्यकर्म जस्ता आर्यूवेद औषधालयबाट संचालित कार्यक्रमलाई आवश्यक परिमार्जन सहित निरन्तरता एवं विस्तार गरिनेछ ।

२९. नेपाल सरकारको **"मेरो स्वास्थ्य मेरो जिम्मेवारी, निरोगी नेपाल अभियान"** नारालाई पुरा गर्न स्वस्थ जीवनशैली, योग शिविर, स्तनपाई आमालाई मातृशिशु सुरक्षार्थ दुग्धवर्धक जडिबुटिजन्य औषधि वितरण कार्यक्रम तथा नागरिक आरोग्य कार्यक्रमलाई निरन्तरता एवं विस्तार गरिनेछ ।

३०. यस भजनी नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयमा आधारभूत तह तथा माध्यमिक तह (कक्षा ९-१० ) सम्म निःशुल्क शिक्षा प्रभावकारी रुपमा कार्यान्वयन गर्न निरन्तरता दिइनेछ ।

३१. सर्वसुलभ गुणस्तरीय शिक्षालाई प्रविधीमैत्री बनाई सबै बालबालिकालाई विद्यालयमा ल्याउने, सिकाउने र टिकाउने कार्यलाई प्रोत्साहनमूलक कार्यक्रम सहित अभियानका रुपमा संचालन गरीनेछ । परीक्षा प्रणालीमा समयसापेक्ष सुधार गरी कक्षा ८ मा नगरपालिका स्तरीय परीक्षा संचालन गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

३२. यस नगरपालिका भित्र संचालित प्राविधिक र नमूना विद्यालयलाई स्मार्ट विद्यालय बनाई प्रविधिको माध्यमबाट पठनपाठन हुने व्यवस्थालाई अगाडी बढाईनेछ । सामुदायिक विद्यालयमा खानेपानी तथा शौचालय सुधार कार्यक्रमलाई प्राथमिकता साथ संचालन गरिनेछ ।

३३. सामुदायिक विद्यालयमा विद्यार्थी आकर्षित गर्न प्रत्येक वडामा कम्तिमा एक सामुदायिक विद्यालयमा नेपाली र अंग्रेजी दुवै माध्यमबाट कक्षा संचालन गर्न प्रोत्साहनमूलक कार्यक्रमको व्यवस्था गरीनेछ ।

३४. **"गुणस्तरीय शिक्षा, भजनीको सदीक्षा"** भन्ने नाराका साथ १० बर्षे नगर शिक्षा योजना कार्यान्वयनमा निरन्तरता दिइनेछ। निजीस्रोत शिक्षकलाई शिक्षक विद्यार्थी अनुपात र न्यूनत्तम दरबन्दीको आधारमा कोटा निर्धारण गरी तथा आवश्यक कानूनी प्रक्रिया पुरा गरी नगर शिक्षकमा परिणत गरिनेछ।

३५. उच्च शिक्षामा अध्यनरत मुक्त कमैया, कम्लहरी, आर्थिक रुपले विपन्न, पिछडिएका आदिवासी जनजाती, लोपोन्मुख सिमान्तकृत, दलित, शहिद तथा द्वन्द पिडित परिवार, मुक्त कमैया परिवारका बालबालिका, बेपत्ता पारिएका परिवारका बालबालिका, अपाङ्गता भएका बालबालिकालाई छात्रवृत्ति प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३६. फरक क्षमता भएका विद्यार्थीलाई अन्य विद्यार्थी सरह समान अवसर र सहभागीताको अधिकार सुनिश्चित गर्न श्रोतकक्षा संचालन गरिनेछ।

३७. खेलकुद बिकासका लागि मेयरकप खेलकुद कार्यक्रम संचालन कार्यलाई निरन्तरता दिइनेछ। नगर खेलकुद विकास समिति मार्फत विभिन्न खेलकुद कार्यक्रम संचालन गरीनेछ। राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी विद्यार्थी/खेलाडी छनौट प्रक्रिया थप प्रभावकारी र वस्तुगत बनाइनेछ। अन्तर विद्यालय खेलकुद प्रतियोगिताबाट प्रतिभावान खेलाडी छनौट गरी प्रादेशिक/राष्ट्रिय/अन्तराष्ट्रिय खेलमा सहभागी हुन प्रोत्साहनमूलक कार्यक्रम ल्याइनेछ।

३८. स्वास्थ्य संस्थामा आई मासिक रुपमा प्रतिबेदन पेश गरे वापत महिला स्वास्थ्य स्वयंसेविकालाई मासिक रुपमा रु एक हजार थप प्रोत्साहन दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३९. समय समयमा जेष्ठ नागरीक शिविर, महिलाहरुको पाठेघर सम्बन्धी शिविर, सिकलसेल एनिमिया, आँखा, नाक, कान, घाँटी सम्बन्धी, मानसिक रोग सम्बन्धी विशेषज्ञ सेवा सहितको शिविरहरु संचालन गरीनेछ।

४०. सबै प्रकारका हिंसामा परेका विपन्न, असहाय, एकल महिलाहरुको उपचार तथा पुनर्स्थापना र विपदमा परेका महिला, विपन्न महिलाहरुको सुरक्षा लागि स्थापित **"उपमेयर महिला सुरक्षा कोष"** र **"लैङ्गिक हिंसा निवारण कोष"** को परिचालनमा प्रभावकारिता ल्याई महिला सुरक्षा तथा उत्थान कार्यलाई निरन्तरता दिइनेछ।

४१. सहिद परिवार, द्वन्द पिडीत, बेपत्ता पारिएका परिवार, आर्थिक रुपले अति-विपन्न, दलित, लोपोन्मुख, मुक्त-कमलरी, मुक्त कमैया परिवार र अपाङ्गता भएका महिलाहरुका लागि सशक्तिकरण र जिविकोपार्जनका कार्यक्रमहरु संचालन गरीनेछ।

४२. परम्परागत अभ्यासले हुने लैंगिक हिंसा नियन्त्रण, मानव बेचविखन र लागु औषध दुर्व्यसनीको अन्त्य गर्नको लागि सचेतनामुलक एवं उपचारात्मक कार्यक्रमहरु संचालनलाई निरन्तरता दिईनेछ ।

४३. अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि अपाङ्गता लक्षित कार्यक्रमहरु तय गरी सबै प्रकारको अपाङ्गता भएका व्यक्तिको सहज जीवनयापन र व्यवसायिकताका लागि पुनरुस्थापना, स्वास्थ्य उपचार र सहायक सामाग्रीहरुको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

४४. बालमैत्री स्थानिय शासन पद्धतिलाई अवलम्वन गर्दै जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाहरुको उद्धार, संरक्षण र हक अधिकार सुनिश्चतताका लागि संरचना तथा कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ । बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने दुव्यवहार वा लैङ्गिकतामा आधारित हिंसालाई निरुत्साहित गरीनेछ ।

४५. ज्येष्ठ नागरीकको आर्थिक तथा सामाजिक हक अधिकार संरक्षण एवं सुरक्षाको सुनिश्चितताका लागि ज्येष्ठ नागरिक लक्षित कार्यक्रमहरु संचालन गरीनेछ ।

४६. छुवाछुत, सामाजिक कुरिती, अन्धविश्वास, लैगिंक विभेद र हिंसाका घटनाहरु अन्त्यका लागि सचेतनामूलक कार्यक्रमहरु संचालन गरीनेछ । लागु पदार्थ दुर्व्यसन विरुद्ध एवं आत्महत्या जस्ता विकृति निरुत्साहन गर्न किशोरकिशोरीलाई सकारात्मक धारणा विकासका लागि अभिमुखिकरण कार्यक्रम संचालन गरीनेछ ।

४७. आर्थिक, सामाजिक हिसावले विपन्न, बेरोजगार युवा वर्गका लागि सरकारी सेवामा उनीहरुको सहभागिता अभिवृद्धिका लागि लोकसेवा परीक्षा तयारी कक्षा एवं मागमा आधारित सीपमुलक तालिम संचालन गरीनेछ ।

४८. नगरक्षेत्र भित्र विगतका वर्षहरुदेखि बसोबास गरिरहेका मूक्त कमैया परिवारको कानून बमोजिम यथोचित व्यवस्थापन गरीनेछ । मुक्त कमैया लक्षित क्षमता विकास एवं आयआर्जनमूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

४९. व्यक्तिगत घटना (जन्म, मृत्यू, बसाईसराइ, बिवाह, सम्बन्ध विच्छेद) दर्तालाई शतप्रतिशत पुऱ्याउने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न पञ्जीकरण सम्बन्धी अभियान सञ्चालन गरिनेछ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नयाँ नाम दर्ता र नवीकरण कार्य राष्ट्रिय परिचयपत्रमा आधारित बायोमेट्रिक भेरिफिकेसन मार्फत गरी अशक्त,

## (घ) वन, वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीति

भजनी नगरपालिका
नगर सभाको सचिवालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

५०. नगरभित्रका मुख्य नदीहरुमा जैविक तथा आवश्यकता अनुसार तटबन्धन, बृक्षारोपण मार्फत नदी नियन्त्रण कार्यलाई निरन्तरता दिईनेछ। साथै नगरपालिकामा वर्षेनी मूख्य समस्याको रुपमा रहदै आएको बाढी प्रभावित क्षेत्रका जनताहरुको लागि सुरक्षित बसोबास तथा दिगो व्यवस्थापनको लागि संघिय सरकार तथा प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरीनेछ। नगरस्तरीय विपद् व्यवस्थापन समिति र वडास्तरीय विपद व्यवस्थापन समितिलाई थप क्रियाशील र प्रभावकारी बनाइनेछ। विपद्को लागि चाहिने अत्यावश्यक सामग्रीहरु खरिद तथा भण्डारण गरीनेछ।

५१. नगरक्षेत्रमा बाढी, डुवान तथा नदी कटान जस्ता जलजन्य विपदबाट क्षति न्यूनीकरण गर्नका लागि वातावरणीय अध्ययन गरी नदीजन्य पदार्थको उत्खनन तथा बिक्रीबाट प्राप्त रकमबाट विभिन्न नदी नियन्त्रणका कार्यहरु सञ्चालन गरीनेछ।

५२. विंपदको प्रभावकारी र योजनावद्ध व्यवस्थापनका लागि यस नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन उत्थानशील योजनाको पुनरावलोकन गरी पूर्व तयारी लगायतका कार्यहरु सञ्चालन गरीनेछ।

५३. प्राकृतिक स्रोत र सम्पदाको समुचित सदुपयोग गर्दे दिनानुदिन मासिदै गएको वन क्षेत्रको दिगो वन विकास तथा बसन्ता जैविक मार्गलाई संरक्षण गरी **"स्वच्छ हावा, स्वस्थ दिमाग र सभ्य समाज निर्माण"** अभियानमा जोड दिइनेछ।

५४. भजनी बजार क्षेत्र र सार्वजनिक स्थलहरुमा सार्बजनिक शौचालय नभएकाले नगरबासीले भोग्नु परेको सास्तीलाई मध्यनजर गर्दै सार्वजनिक शौचालय निर्माण गरिने र निजी क्षेत्रको सहकार्यमा संचालन एवं व्यवस्थापनको उचित प्रबन्ध मिलाइनेछ।

५५. नगरभित्रका नदिनाला किनार तथा सार्वजनिक स्थलबाट माटो, बालुवा आदि नगरपालिकाको अनुमति बिना उत्खनन् गरीने कार्यलाई दण्डित गरीनेछ। उपलब्ध दहत्तर बहत्तरको उत्खनन उर्वं विक्रीवितरणका लागि आवश्यक प्रबन्ध गरीनेछ।

५६. नगर क्षेत्र भित्र रहेका विपद, जोखिम तथा सुरक्षित ठाउँको पहिचान एवं अध्ययन गरी दिगो व्यवस्थापंन, सुरक्षित भवनलाई व्यवस्थित गर्दै प्राकृतिक जोखिममा परेका नागरीकलाई सुरक्षित स्थानको व्यवस्था गरीनेछ।

५७. भजनी नगरपालिकालाई सफा एवं सुन्दर नगरपालिका बनाउन वडा तथा टोलमा समुदायको सहभागितामा नियमित सरसफाई कार्यक्रम संचालन गरीनेछ।

भजनी नगरपालिका
नगर सभाको सचिवालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**(ङ) सुशासन तथा संस्थागत विकास नीति:**

५८. न्यायिक समितिको क्षमता विकास गरी स्थानीय मुद्दा एवं विवादहरुलाई वार्ता, मध्यस्थता, छलफल, आपसी समझदारी, सहिष्णुता र सुझवुझपूर्ण तवरले मेलमिलापको विधिबाट समस्याको दिगो समाधान गरी झन्झटिलो र खर्चिलो न्याय प्रणालीमा सुधार गरीनेछ ।

५९. सुशासन, न्यायमा सहज पहुंच अभिवृद्धिको लागि हेल्प-डेस्कको व्यवस्था गरीनेछ । साथै समाजमा रहेको भलमन्सा प्रथा लगायत अन्य क्षेत्रमा समेत कानुनी सचेतना अभिवृद्धि, संविधान प्रद्दत मौलिक हक सम्बन्धी विषेश कार्यक्रमहरु संचालन गरीनेछ ।

६०. नगरपालिका कार्यालयको सालवसाली रुपमा गरीने आन्तरिक तथा अन्तिम लेखापरीक्षणबाट औल्याइने बेरुजुलाई कम गर्ने तथा ठहर भैसकेको बेरुजुको बेरुजु फर्स्यौट गर्ने कार्यलाई प्राथमिकतापुर्ण तथा अभियानको रुपमा कार्यान्वयन गरीनेछ ।

६१. नगरपालिकाबाट प्रकाशन गरीने सूचनाहरुलाई डिजिटल प्रणालीमा संप्रेषण गर्न प्राथिमिकता दिई सूचनाहरुमा सम्पुर्ण नगरवासीहरुको पहुँच सुनिश्चित गरीनेछ ।

६२. भजनी नगरभित्रका बजार क्षेत्रमा रहेका ठेलागाडा, माटो, ढूङ्गा आदि अवरोधहरुलाई नगरबाट अनुगमन तथा व्यवस्थित गरीनेछ ।

६३. संघ-संस्थाहरु मार्फत कार्यक्रमहरु कार्यान्वयन गर्नुपर्दा अन्य कानूनी प्रावधानका साथै नगरपालिकासंग कम्तिमा दश प्रतिशत भन्दा बढी लागत साझेदारी गर्ने साझेदारहरुलाई प्राथमिकता दिईनेछ ।

६४. नगरपालिकाको आन्तरिक आयमा वृद्धि गर्न प्रगतिशील कर प्रणाली लागु गरी करको दायरालाई फराकिलो बनाइनेछ । साना सवारीसाधन, हाटबजार, व्यवसायीलाई करको दायरामा ल्याई व्यवस्थित गरीनेछ । करको दायरामा आउन नसकेका साना व्यवसायीका लागि एकपटकका लागि सहुलियतपुर्ण व्यवस्था गरिनेछ ।

६५. राजस्व संकलन तथा प्रतिवेदन प्रणालीलाई सूचना प्रबिधि व्यवस्थापन प्रणालीमा आवद्ध गर्दै राजस्व प्रशासनलाई चुस्तदुस्त र करदातामैत्री बनाइनेछ । राजस्व क्षेत्रको सुधारका लागि नीति तथा संस्थागत सुदृढीकरण, करदाताहरुको अभिलेखिकरण गर्दै राजश्व संकलनमा प्रभावकारिता ल्याइनेछ । साथै बक्यौता रहेको राजस्वलाई कडाईका साथ असुल उपर गरीनेछ ।

६६. मानव अधिकार प्रवर्द्धनमैत्री संस्कृति निर्माणका लागि सरोकारवाला निकायसंगको समन्वय तथा सहकार्यमा आवश्यक पहल तथा प्रबन्ध गरीनेछ ।

नगर सभा अध्यक्ष

आदरणीय नगरसभा उपाध्यक्षज्यू, सम्पूर्ण सदस्यज्यूहरु एवं उपस्थित अन्य सम्पुर्ण अतिथि ज्यूहरु, यस नगरको उल्लेखित नीति तथा कार्यक्रमको परिधीभित्र रही आर्थिक वर्ष २०८३/०८४ मा सीमित श्रोत र साधनका बावजुद पनि अधिकतम प्रतिफल हासिल हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा गरीने व्यहोरा यस गरीमामय सभामा जानकारी गराउदछु ।

यो नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने अवस्थामा सबै पक्षको सहकार्य र समन्वय आवश्यक छ । साथै संघीय सरकार र प्रदेश सरकारले अघि सारेका नीति र कार्यक्रम सञ्चालन गर्ने हरेक कृयाकलापमा नगरपालिकाले आवश्यक समन्वय गरी अघि बढ्नेछ ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा समन्वय, सहयोग पुर्याउनु हुने सम्पुर्ण जननिर्वाचित पदाधिकारी, राजनीतिक दल, विज्ञ, राष्ट्रसेवक कर्मचारीहरु, संचार जगत, नागरिक समाज, नीजि क्षेत्र, गैरसरकारी संघसँस्था र नगरपालिकाका नागरिकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यो नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा सम्बद्ध सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा राख्दछु ।
धन्यवाद ।

केवल चौधरी
नगर प्रमुख
दिनाङ्क २०८३ साल आषाढ ०५ गते

२०८३/०३/०५
नगर सभा अध्यक्ष